नेपाल सरकार
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**आर्थिक प्रशासन शाखा**

फो.नं.
४२००२८६
सिंहदरबार, काठमाण्डौ

प.सं. २०७४।७५
च.नं. १०२०

मितिः-२०७५।०२।१८

श्री विभाग/आयोग/ समिति/ कार्यक्रम / प्रतिष्ठान (सबै)
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै)
श्री जिल्ला प्राविधिक कार्यालय (सबै)
श्री स्थानीय तह (सबै)

विषयः- <u>लेखापरीक्षण व्यहोराको फर्छ्यौट एवमं कार्यान्वयन बारे ।</u>

प्रस्तुत विषयमा यस मन्त्रालय र अन्तर्गत कार्यालयहरुको आर्थिक वर्ष २०७३।७४ को श्रेस्ता श्री महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण हुँदा औंल्याईएका बेरुजुहरुको साथै गत विगत वर्षहरुको पुराना बेरुजुहरु समेत फछ्र्यौटको लागि समय समयमा यस मन्त्रालयको Website मा राखिएको निर्देशनहरु जानकारी भएकै छ सोही सन्दर्भमा महालेखा परीक्षकको कार्यालयबाट प्राप्त पत्रको प्रतिलिपि संलग्न गरिएको व्यहोरा अनुरोध छ । उक्त पत्रको व्यहोरा अवगत गर्नु भई बेरुजु फर्छ्यौटको प्रगति एवं सुझाव कार्यान्वयन सम्बन्धमा निम्नानुसार विवरण ७ दिन भित्र यस मंत्रालयमा आइपुग्ने गरि पठाउनु हुन अनुरोध गरिन्छ ।

<u>तपसिल</u>

क) महालेखा परीक्षकको कार्यालयबाट औंल्याईएका कैफियत एवं सुधारका लागि प्राप्त भएका सुझावको कार्यान्वयनको अवस्था ,

ख) हालसम्म कायम भएका बेरुजु मध्ये नयाँ (आ.व. २०७३।७४) र / पुराना (आ.व. २०७२।०७३ सम्मको) बेरुजु फछ्र्यौटको प्रगति विवरण,

ग) असुल फछ्र्यौटको हालसम्मको अवस्था,

घ) फछ्र्यौट भई सम्परीक्षण हुन बाँकी रहेको बेरुजुको विवरण,

ङ) बाँकी रहेका बेरुजुहरु मध्ये चालु आर्थिक वर्ष भित्र फर्छ्यौट / सम्परीक्षण गर्ने कार्यतालिका,

च) कुनै कारण बस अन्तिम लेखापरीक्षण हुन नसकेको भए कारण सहितको जानकारी,

छ) स्थानीय तहका हकमा आर्थिक वर्ष २०७३/७४ को श्रेस्ता लेखापरीक्षणबाट औंल्याईएका बेरुजुहरु यथाशिघ्र फछ्र्यौट गर्ने गराउने साथै बेरुजुहरुको लगत अध्यावधिक गर्ने र असुल फर्छ्यौट भएका कागजातहरु सुरक्षित राखि महालेखा परीक्षकको कार्यालयको डोर आउँदा सम्परीक्षण गर्ने व्यवस्था गर्नु हुन ।

...........
अर्जुन प्रसाद पौडेल
उप सचिव (लेखा)

<u>बोधार्थ</u>
श्री महालेखा परीक्षकको कार्यालय
सङ्घीय मामिला तथा स्थानीय विकास निर्देशनालय
पुल्चोक, ललितपुर ।
श्री सूचना तथा विद्युतीय शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार - website मा राखि दिनु हुन अनुरोध छ ।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७४।७५
च.नं. ६६३

मितिः २०७५।२।४

श्री सचिवज्यू,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

**विषयः लेखापरीक्षण व्यहोराको फछ्र्यौट एवं कार्यान्वयन ।**

महोदय,

आर्थिक वर्ष २०७३।७४ को लेखापरीक्षण सम्पन्न भै वार्षिक प्रतिवेदन पेश भइसकेको छ । उक्त प्रतिवेदन कार्यालयको वेभसाइट www.oagnep.gov.np मार्फत सार्वजनिक समेत गरिएको छ । लेखापरीक्षण ऐन, २०४८ को दफा ७(ख) मा महालेखापरीक्षकले लेखापरीक्षण गरी जारी गरिएका प्रतिवेदनमा उल्लेख गरिएका व्यहोराहरुमा सुधार भए नभएको र सुझाव कार्यान्वयन भए नभएको सुनिश्चित गर्न लेखापरीक्षण गरिएका निकायबाट भएका कारबाहीको प्रतिवेदन लिने, जवाफ लिने, कार्यान्वयनका लागि समयावधि तोक्ने, पुनः जाँच गर्ने लगायतका कार्यहरु गर्न सक्ने व्यवस्था छ । यस सन्दर्भमा त्यस मन्त्रालयसँग सम्बन्धित प्रतिवेदनमा समावेश भएका व्यहोराको फछ्र्यौट एवं कार्यान्वयन कार्ययोजना १५ दिनभित्र उपलब्ध गराइदिनुहुन निर्देशानुसार अनुरोध गर्दछु । वार्षिक प्रतिवेदनको एक प्रति यसैसाथ संलग्न गरिएको व्यहोरा समेत अनुरोध छ ।

०७५।२।४
(रामुप्रसाद डोटेल)
उप–महालेखापरीक्षक

<u>जानकारीको लागिः</u>
माननीय महालेखापरीक्षकज्यू ।
श्री उप-महालेखापरीक्षकज्यू ।